नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

किर्तिपुर, काठमाण्डौं

पत्रसंख्याः २०७७/७८

च.नं.:

मितिः २०७८/०३/१५

## १८ औं राष्ट्रिय धान दिवसको अवसरमा

# प्रेस विज्ञप्ती

नेपालमा आज "धान उत्पादनमा बृद्धिः खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि" भन्ने नाराका साथ राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव स्थापनाको १८ औं वर्ष मनाईदै गरेको अवसरमा सम्पूर्ण किसान दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । 'मानो रोपेर मुरी उब्जाउने' रोपाईको समयमा रुपमा हरेक वर्ष असार १५ गतेका दिनलाई नेपालभर धान दिवस तथा रोपाइँ महोत्सवको रुपमा मनाउने गरिन्छ ।

धान नेपालको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा समेत महत्वपूर्ण वालीको रुपमा रहेको छ । नेपाली समाजमा जन्मेदेखि मृत्यु पर्यन्तसम्म हुने हरेक सामाजिक एवम् सांस्कृतिक कार्यहरुमा धानकै प्रयोग गर्ने गरिन्छ । वैदिकयुगदेखि महत्व बोकेको धान हामी आम नेपालीको लागि प्रमुख र आधारभूत खाद्यान्न मात्र नभएर संस्कृतिको धरोहर पनि हो ।तराईको समथर फाँटदेखि ३०५० मिटर उचाईसम्म धान खेति गरिन्छ । मूलुकको खेति गरिने कूल क्षेत्रफलको करिव ४७ प्रतिशत जमिनमा धान खेति गरिन्छ ।अन्नवाली उत्पादनको कूल क्षेत्रफलको करीब ४३ प्रतिशतमा धान खेती हुने गरेको र कूल अन्नबाली उत्पादनमा ५० प्रतिशत भन्दा बढी धानको हिस्सा रहेको छ। मुलुकको कूल गार्हस्थ्य उत्पादनमा करिव २६ प्रतिशत अंश कृषिको रहेकोमा धानको कृषिक्षेत्रको गार्हस्थ्य उत्पादनमा करिव १५ प्रतिशत योगदान रहेको तथ्यले धानवालीले नेपालीको खाद्य तथा पोषण सुरक्षाको सुनिश्चिता कायम राख्न साथै राष्ट्रिय अर्थतन्त्रलाई चलायमान बनाउनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । चालु आर्थिक वर्षमा करिव १४ लाख ७३ हजार हेक्टर क्षेत्रफलबाट ५६ लाख २१ हजार मेट्रिक टन धान उत्पादन भएको नेपालमा धानको क्षेत्रफलमा गर्त वर्षको भन्दा १ प्रतिशत र उत्पादनमा १.३ प्रतिशतले बृद्धि भएको देखिन्छ भने उत्पादकत्व पनि बृद्धि भएको देखिन्छ ।

धानको विशेष महत्व भएको र सरकारी प्रयासबाट धानको क्षेत्रफल विस्तार, उत्पादन र उत्पादकत्व बृद्धि गर्ने कार्यक्रमहरु संचालन भई रहेता पनि नेपालमा धान /चामलको आयातको अवस्था भने दिन प्रतिदिन बढ्दो छ । मसिनो चामल खाने वानीले गर्दा करिव ४० अर्वको चामल आयात भएको तथ्याङ्कले नेपालमा धानको उत्पादन र उत्पादकत्व बृद्धि गर्नको लागि राज्यले थप प्रभावकारी कार्यक्रम संचालन गर्नु पर्ने आवश्यकता रहेको छ ।धानको उत्पादन र उत्पादकत्व बढाउनको लागि चैते तथा वर्षे धानको क्षेत्र विस्तार तथा प्रवर्द्धन, उत्पादन समाग्रीहरु सहज उपलब्धता, यान्त्रीकरण र उच्चप्रविधिको प्रयोग, भण्डारणकक्ष तथा गोदाम घरको निर्माण, समयमा नै न्यूनतम समर्थन मूल्य निर्धारण र सरकारी स्तरबाट खरिद तथा वितरणमा प्रणालीमा विशेष ध्यान दिनु आवश्यक छ ।

कोभिड लगायत बिभिन्न प्राकृतिक प्रकोपका कारण कृषि क्षेत्रमा भएको क्षतिलाई परिपूर्ती गर्न पनि व्यावसायिक धान खेतिले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । खाद्य सुरक्षा र आत्मनिर्भरताको लागि पनि आजको दिनको राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सवले सहयोग पुऱ्याउने अपेक्षा गरेको छु । राष्ट्रिय धान दिवसको यस अवसरमा किसानको हकहित संरक्षण र कृषिलाई आत्मनिर्भर बनाउन नेपाल सरकार र सबै सरोकारवाला निकायहरुसँग हार्दिक अपिल गर्दछौं ।

डा. प्रेम प्रसाद दंगाल
अध्यक्ष
राष्ट्रिय किसान आयोग